नेपाल सरकार
# बेरुजु फस्यौंट समिति
# बेरुजु फस्यौंट समितिको सचिवालय
बबरमहल, काठमाण्डौ

पत्र सख्या:२०८१/०८२
चलानी नम्बर: १६

मिति २०८२।०१।१६

श्री सबै संबैधानिक आयोगहरु,
श्री सबै मन्त्रालयहरु,
श्री अन्य केन्द्रीय निकायहरु ।

विषय: बेरुजु फस्यौंट सम्बन्धमा ।

प्रस्तुत विषयमा नेपाल राजपत्र खण्ड ७४ संख्या ३० मिति २०८१ असोज १७ मा प्रकाशित सूचना अनुसार सामान्य प्रक्रियाबाट फस्यौंट हुन नसकेका बेरुजु फस्यौंट गर्न प्रतिनिधि सभा सार्बजनिक लेखा समितिका माननीय सदस्य श्री अच्युत प्रसाद मैनालीको अध्यक्षतामा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा ४२ को (१) अनुसार बेरुजु फस्यौंट समिति गठन भै कार्य प्रारम्भ भैसकेको छ। यस समितिको कार्यक्षेत्र अन्तर्गत सामान्य प्रक्रियाबाट फस्यौंट तथा सम्परीक्षण हुन नसकेका आ.व. २०६०/०६१ देखि २०६४/०६५ सम्मका बेरुजु (मस्यौट, हिनामिना र असुल उपर गर्नुपर्ने ठहरिएका बेरुजु बाहेक) को हकमा सम्बन्धित संबैधानिक अङ्ग तथा निकाय, मन्त्रालय, सचिवालय, आयोग, विभाग, अदालत वा कार्यालय अन्तर्गतका बेरुजुको हकमा सरकारी नगदी जिन्सीको हानी नोक्सानी नभएको पुस्टयाई सहित लेखा उत्तरदायी अधिकृतबाट सिफारिस भै पेश हुनु पर्ने छ । बेरुजु फस्यौंट कार्यविधि २०८१, माननीय उप प्रधान तथा अर्थ मन्त्री ज्यूबाट मिति २०८१/१२/२० मा स्वीकृत भैसकेको छ । तसर्थ मिति २०८२/०१/११ गते बेरुजु फस्यौंट समितिको निर्णयानुसार बेरुजु फस्यौंट कार्यविधि २०८१, बमोजिम बेरुजुको दफागत फाईल तयार गरी पठाइदिनु हुन सादर अनुरोध गर्दछु ।

बेरुजु फस्यौंटका निम्ति समितिमा सिफारिस गर्दा बेरुजु फस्यौंट कार्यविधि २०८१, बमोजिम देहायानुसार हुनुपर्ने छ ।

१ मस्यौट, हिनामिना र असुल उपर गर्नुपर्ने ठहरिएको बेरुजु बाहेक नियमित प्रक्रिया बाट फस्यौंट वा सम्परीक्षण हुन नसकेको सरकारी नगदी वा जिन्सीको हानि नोक्सानी नभएको पुस्टयाई सहित सम्बन्धित लेखा उत्तरदायी अधिकृतले बेरुजु फस्यौंट गर्न सिफारिस गरेको पत्र साथ संलग्न गर्नु पर्ने छ ।

नेपाल सरकार

# बेरुजु फस्यौट समिति

# बेरुजु फस्यौट समितिको सचिवालय

बबरमहल, काठमाण्डौ

पत्र सख्या:२०८१/०८२
चलानी नम्बर: १६

मिति २०८२।०१।१६

२ महालेखा परीक्षकको वार्षिक प्रतिवेदनमा बेरुजु समावेश भए नभएको यकिन गरी समावेश भएको अवस्थामा सार्वजनिक लेखा समितिको निर्णय समावेश गर्नुपर्ने छ ।

३ देहाय बमोजिमको विवरण भरी सिफारिस साथ पेश हुनु पर्ने छ ।

(क)मन्त्रालय/सचिवालय/सबैधानिक निकाय/आयोग

| आ.ब. | ब.उ.शि.नं. | बेरुजु दफा नं. | बेरुजुको व्यहोरा | बेरुजु रकम | बेरुजु फस्यौट गर्न गरेको प्रयास | संलग्न प्रमाण कागजात | लेखा उत्तरदायी अधिकृतको रुजु सहितको पत्र | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |

..............................
लाबन्य राज दाहाल
(सदस्य सचिव)